""कृषि, शिक्षा, स्वास्थ्य, उधोग, पर्यटन पूर्वाधार : सुन्दर समृद्ध बर्जुको आधार""

# बर्जु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## अमाहिवेल्हा, सुनसरी
### कोशी प्रदेश, नेपाल
### पशु सेवा शाखा

आ.व.०८०/०८१

प्रकाशित मितिः २०८०/०६/१६

**विषयः फार्म दर्ता सम्बन्धि सुचना।**

बर्जु गाउँपालिका अन्तर्गत हाल संचालनमा रहेका कृषि तथा पशुपन्छी एवं मत्स्य फार्महरुलाई व्यवस्थित रुपमा संचालन गर्न गाउँपालिका (स्थानीय तह) मा दर्ता गर्न अति आवश्यक भएकोले बर्जु गा.पा. द्वारा जारी गरिएको "कृषि, पशुपन्छी तथा मत्स्य फार्म दर्ता कार्यविधि-२०७८ (पहिलो संशोधन-२०७९)" मा उल्लेख भए बमोजिम न्युनतम मापदण्ड पुरा गरेको फार्महरुले तपशिलमा उल्लेखित कागजातहरु सहित यो सुचना प्रकाशित भएको मितिदेखि १५ दिन (मिति २०८०/०६/३० गते) भित्र बर्जु गा.पा.को पशु सेवा शाखामा आवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। म्याद भित्र नआएका तथा आवश्यक कागजात पुरा नभएका आवेदन मान्य हुने छैन।

**नोटः गत वर्ष आवेदन पेश गरेका फार्म/व्यवसायीहरुले पुनःआवेदन दिन पर्ने छैन।**

तपशिल

१. अनुसूची १ बमोजिमको आवेदन।
२. ना.प्र.प.को प्रतिलिपि।
३. घरेलु तथा साना उधोग कार्यालयबाट प्राप्त व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि।
४. आन्तरिक राजश्व कार्यालयबाट प्राप्त प्रमाणपत्रको प्रतिलिपि।
५. जग्गा भाडामा भए सो को सम्झौता पत्र (कम्तिमा ५ वर्षको) र संगोलमा भए मंजुरिनामा।
६. राजश्व शाखामा तोकिएको राजस्व बुझाएको रसिद।
७. सम्बन्धित वडा कार्यालयको सिफारिस (फार्म वा व्यवसायले समुदायमा पार्न सक्ने सकारात्मक/नकारात्मक प्रभावको विवरण सहितको)।
८. फार्मको छाप।

श्याम नारायण मेहता
शाखा प्रमुख
शाखा प्रमुख

मैले तिरेको कर मेरै लागि, समृद्ध गाउँ निर्माणको लागि"

Email: barjugaupalika@gmail.com
Website: www.barjumun.gov.np

""कृषि, शिक्षा, स्वास्थ्य, उधोग, पर्यटन पूर्वाधार : सुन्दर समृद्ध बर्जुको आधार""

# बर्जु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### अमाहिबेल्हा, सुनसरी
### कोशी प्रदेश, नेपाल
पशु सेवा शाखा

आ.ब.०८०/०८१ | प्रकाशित मिति: २०८०/०६/१६

**विषय: पसल दर्ता गर्ने सम्बन्धि सुचना।**

बर्जु गाउँपालिका अन्तर्गत हाल संचालनमा रहेका कृषि तथा पशुपन्छी औसधि पसल (एग्रोभेट), माछा,मासु,अण्डा पसल, दुध संकलन केन्द्र(डेरी पसल) हरुलाई व्यवस्थित रुपमा संचालन गर्न गाउँपालिका (स्थानीय तह) मा दर्ता गर्न अति आवश्यक भएकोले बर्जु गा.पा. द्वारा जारी गरिएको "कृषि, पशुपन्छी तथा मत्स्य फार्म दर्ता कार्यविधि-२०७८ (पहिलो संशोधन-२०७९)" मा उल्लेख भए बमोजिम न्युनतम मापदण्ड पुरा गरेको औषधि पसल (एग्रोभेट), माछा,मासु,अण्डा पसल, दुध संकलन केन्द्र(डेरी पसल) हरुले तपशिलमा उल्लेखित कागजातहरु सहित यो सुचना प्रकाशित भएको मितिदेखि १५ दिन (मिति २०८०/०६/३० गते) भित्र बर्जु गा.पा.को पशु सेवा शाखामा आवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

नोट: म्याद भित्र नआएका तथा आवश्यक कागजात पुरा नभएका आवेदन मान्य हुने छैन।

तपशिल

१. अनुसूची १ बमोजिमको आवेदन।
२. ना.प्र.प.को प्रतिलिपि।
३. घरेलु तथा साना उधोग कार्यालयबाट प्राप्त व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि।
४. आन्तरिक राजश्व कार्यालयबाट प्राप्त प्रमाणपत्रको प्रतिलिपि।
५. जग्गा भाडामा भए सो को सम्झौता पत्र (कम्तिमा ५ वर्षको) र संगोलमा भए मंजुरिनामा।
६. राजश्व शाखामा तोकिएको राजस्व बुझाएको रसिद।
७. सम्बन्धित वडा कार्यालयको सिफारिस (फार्म वा व्यवसायले समुदायमा पार्न सक्ने सकारात्मक/नकारात्मक प्रभावको विवरण सहितको)।
८. औसधि पसलको हकमा सम्बन्धित निकायबाट पसल संचालनका लागि दिएको अनुमति पत्रको प्रतिलिपि
९. पसलको छाप।

श्याम नारायण मेहता
शाखा प्रमुख
शाखा प्रमुख

मैले तिरेको कर मेरै लागि, समृद्ध गाउँ निर्माणको लागि"

Email: barjugaupalika@gmail.com Website: www.barjumun.gov.np

""कृषि, शिक्षा, स्वास्थ्य, उधोग, पर्यटन पूर्वाधार : सुन्दर समृद्ध बर्जुको आधार""

# बर्जु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### अमाहिबेल्हा, सुनसरी
### कोशी प्रदेश, नेपाल
पशु सेवा शाखा

आ.ब.०८०/०८१

प्रकाशित मितिः २०८०/०६/१६

**विषयः पशु स्वास्थ्यकर्मी सुचिकृत हुने सम्वन्धि सुचना।**

बर्जु गाउँपालिका अन्तर्गत निजि स्तरमा कार्यरत पशु स्वास्थ्यकर्मी (ग्रा.प.स्वा.का./ जे.टी.ए./ जे.टी.) हरुलाई व्यवस्थित गर्न गाउँपालिकामा सुचिकृत हुन अति आवश्यक भएकोले बर्जु गा.पा. द्वारा जारी गरिएको "कृषि, पशुपन्छी तथा मत्स्य फार्म दर्ता कार्यविधि-२०७८ (पहिलो संशोधन-२०७९)" मा उल्लेख भए बमोजिम न्युनतम योग्यता पुरा गरेका पशु स्वास्थ्यकर्मी (ग्रा.प.स्वा.का./ जे.टी.ए./ जे.टी.) हरुले तपशिलमा उल्लेखित कागजातहरु सहित यो सुचना प्रकाशित भएको मितिदेखि १५ दिन (मिति २०८०/०६/३० गते) भित्र बर्जु गा.पा.को पशु सेवा शाखामा आवेदन पेश गर्नहुन सम्वन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

नोटः म्याद भित्र नआएका तथा आवश्यक कागजात पुरा नभएका आवेदन मान्य हुने छैन।

तपशिल

१. निवेदन।

२. ना.प्र.प.को प्रतिलिपि।

३. मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा योग्यता पुरा गरी हासिल गरेको प्रमाण पत्रको प्रतिलिपि।

४. सम्बन्धित वडाको सिफारिस पत्र।

५. राजश्व शाखामा तोकिएको राजस्व बुझाएको रसिद।

श्याम नारायण मेहता
शाखा प्रमुख

मैंले तिरेको कर मेरै लागि, समृद्ध गाउँ निर्माणको लागि"

Email: barjugaupalika@gmail.com

Website: www.barjumun.gov.np

अनुसूची-१

मितिः..........................

श्री शाखा प्रमुख ज्यु,
बर्जु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पशु सेवा शाखा
अमाहिवेल्हा,सुनसरी

विषयः फार्म/पसल दर्ता गरि पाउँ।

महोदय,

प्रस्तुत विषयमा बर्जु गाउँपालिका वडा नं. ....... मा मिति .................................. देखि व्यावसायिक रुपमा .................................................................................................. नामको फार्म/ पसल संचालन गरि ............................................ पालन/ व्यवसाय/ खेति गरिरहेकोले उक्त फार्म/ पसललाई दर्ता गरी पाउँ भनि तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी फार्म/ पसल दर्ताको लागि निवेदन पेश गरेको छु।

संलग्न कागजातहरु

- अनुसूची-१ बमोजमको निवेदन।
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।
- घरेलु तथा साना उधोग कार्यालयबाट प्राप्त व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- आन्तरिक राजस्व कार्यालयबाट प्राप्त प्रमाणपत्रको प्रतिलिपि।
- जग्गा भाडामा भए सो को सम्झौता पत्र (कम्तिमा ५ वर्षको) र संगोलमा भए मंजुरिनामा पत्र।
- राजश्व शाखामा तोकिएको राजश्व बुझाएको रसिद।
- सम्बन्धित वडा कार्यालयको सिफारिस (फार्म वा व्यवसायले समुदायमा पार्न सक्ने सकारात्मक/ नकारात्मक प्रभावको विवरण सहितको)
- फार्म/पसलको छाप।

निवेदक
हस्ताक्षरः
नामः
ठेगानाः
सम्पर्क नं.:

९. अण्डा पसल:
दैनिक ३०० गोटा वा सो भन्दा बढी अण्डा बिक्रि गर्ने अण्डा पसललाई दर्ता प्रक्रियामा लगिने छ।

१०. एग्रोभेट पसल:
सम्बन्धित निकायमा दर्ता भई आन्तरिक राजस्व कार्यालयबाट पान नं. लिएर संचालन भैरहेको व्यवसायलाई शाखामा दर्ता गरिने छ।

११. पशु स्वास्थ्यकर्मी:
नेपाल सरकारबाट मान्यता प्राप्त आधिकारिक शैक्षिक संस्थाबाट योग्यता पुरा गरि यस पालिका अन्तर्गत निजि क्षेत्रमा कार्यरत रहेका ग्रा.प.स्वा.का./जे.टि./जे.टि.ए प्राविधिकहरुलाई शाखामा आवश्यकतानुसार सुचिकृत गरिने छ।

## कृषि फार्म दर्ताको न्युनतम मापदण्ड:

१. खाधान्न बाली:
कम्तिमा २ हेक्टर क्षेत्रफ़लमा उत्पादन गरेको हुनु पर्नेछ।

२. नगदे बाली:
कम्तिमा १ हेक्टर क्षेत्रफ़लमा उत्पादन गरेको हुनु पर्नेछ।

३. तरकारी खेति:
कम्तिमा ३ कठ्ठा भन्दा बढी क्षेत्रफ़लमा व्यावसायिक रुपमा बाह्रै महिना तरकारी उत्पादन गरेको हुनु पर्नेछ।

४. फलफुल खेति:
कम्तिमा ५ कठ्ठा वा सो भन्दा बढीमा फलफुल खेति गरिएको हुनु पर्नेछ।

५. च्याउ खेति:
व्यावसायिक रुपमा करिब ५ वटा च्याउ घर (५/१० मिटर) निर्माण गरि खेति गरेको हुनु पर्नेछ।

६. मौरी पालन:
मौरी पालनको हकमा आधुनिक घार कम्तिमा २० वटा भन्दा बढीमा पालन गरेको हुनु पर्दछ।

७. फलफुल पसल:
वार्षिक रु.५ लाख वा सो भन्दा बढीको फलफुल व्यवसाय संचालन गरेको हुनु पर्दछ।

पाठापाठी उत्पादनको लागि भए २१ बटा माउ बंगुर भन्दा बढी र मासुका लागि भए कम्तिमा ३१ वटा भन्दा बढी बंगुर पालन गरि व्यवसाय सुरु गरेको फार्मलाई मानिने छ।

४. व्यवसायिक कुखुरा फार्मको वर्गीकरणः

व्यावसायिक कुखुरा फार्मको वर्गीकरण यसप्रकार छ।

क. साना व्यवसायिक कुखुरा फार्मः

२००-१००० वटा लेयर्स, ब्रोईलर वा १००-२०० वटा स्थानीय जातको कुखुरा, टर्की, हाँस, बट्टाई पालन गरि व्यवसाय सुरु गरेको फार्मलाई मानिने छ।

ख. मझौला व्यवसायिक कुखुरा फार्मः

१००१-२००० वटा लेयर्स, ब्रोईलर वा २०१-५०० वटा स्थानीय जातको कुखुरा, टर्की, हाँस, बट्टाई पालन गरि व्यवसाय सुरु गरेको फार्मलाई मानिने छ।

ग. ठुला व्यवसायिक कुखुरा फार्मः

२००१ वटा देखि लेयर्स, ब्रोईलर वा ५०१ भन्दा माथि स्थानीय जातको कुखुरा, टर्की, हाँस, बट्टाई पालन गरि व्यवसाय सुरु गरेको फार्मलाई मानिने छ।

५. माछा पालन फार्मः

माछापालन व्यवसायको वर्गीकरण यस प्रकार रहेको छ।

क. साना व्यवसायिक माछा फार्मः

कम्तिमा ३ कठ्ठा देखि १०कठ्ठासम्म पोखरी निर्माण गरि व्यवसायिक रुपमा माछापालन व्यवसाय गरेको हुनु पर्दछ।

ख. मझयौला व्यवसायिक माछा फार्मः

कम्तिमा ११ कठ्ठा देखि ३० कठ्ठासम्म पोखरी निर्माण गरि व्यवसायिक रुपमा माछापालन व्यवसाय गरेको हुनु पर्दछ।

ग. ठुला व्यवसायिक माछा फार्मः

कम्तिमा ३१ कठ्ठाभन्दा माथि पोखरी निर्माण गरि व्यवसायिक रुपमा माछापालन व्यवसाय गरेको हुनु पर्दछ।

६. मिश्रित फार्मः

माथिका न्युनतम परिधि पुरा गरेर एकभन्दा बढी किसिमका पशुपंछी एउटा व्यक्तिले व्यसायिक तवरले पालन गरिएको हुनुपर्दछ।

७. मासु पसलः

दैनिक २० के.जी. भन्दा बढी मासु बिक्रि गर्ने मासु पसललाई दर्ता प्रक्रियामा लागिने छ।

८. डेरी पसलः

दैनिक १०० लिटर वा सो भन्दा बढी दुध बिक्रि गर्ने डेरी पसललाई दर्ता प्रक्रियामा लगिने छ।

## पशुपंक्षी तथा मत्स्य फार्म दर्ताको न्युनतम मापदण्डः

व्यवसायिक गाईभैसी फार्मलाई ३ वर्गमा विभाजन गरिने छ।

१. व्यवसायिक गाई/भैसि फार्मको वर्गीकरणः

यस फार्मलाई ३ वर्गमा बिभाजन गरिएको छ।

क. साना व्यवसायिक गाई/भैसी फार्मः

५-१० वटाउन्नत जातका गाई/भैसीपालन गरि दुध उत्पादन सुरु गरेको फार्मलाई मानिनेछ।

ख. मझयौला व्यवसायिक गाई/भैसी फार्मः

११-२० वटा उन्नत जातका गाई/भैसीपालन गरि दुध उत्पादन व्यवसाय सुरु गरेको फार्मलाई मानिने छ।

ग. ठुला व्यवसायिक गाई/भैसी फार्मः

२१ वटा भन्दा बढी उन्नत जातका गाई/भैसीपालन गरि दुध उत्पादन व्यवसाय सुरु गरेको फार्मलाई मानिने छ।

२. व्यवसायिक बाख्रा फार्मको वर्गीकरणः

यस फार्मलाई ३ वर्गमा विभाजन गरिएको छ।

क. साना व्यवसायिक बाख्रा फर्मः

२०-३० वटा माउ बाख्रा वा ५-१० वटा वोयर माउ बाख्रा पालन गरि व्यवसाय सुरु गरेको फार्मलाई मानिनेछ।

ख. मझयौला व्यावसायिक बाख्रा फर्मः

३१-५०वटा माउ बाख्रा वा ११-२० वटा वोयर माउ बाख्रा पालन व्यवसाय सुरु गरेको फार्मलाई मानिने छ।

ग. ठुला व्यवसायिक बाख्रा फर्मः

५१ वटा भन्दा बढी माउ बाख्रा वा २१ वटा भन्दा बढी वोयर माउ बाख्रा पालन गरि व्यवसाय सुरु गरेको फार्मलाई मानिने छ।

३. व्यवसायिक सुँगुर/बंगुर फार्मको वर्गीकरणः

यस फार्मलाई ३ वर्गमा विभाजन गरिएको छ।

क. साना व्यवसायिक सुँगुर/बंगुर फार्मः

पाठापाठी उत्पादनको लागि भए ५-१० वटा माउ बंगुर र मासुका लागि भए १०-२० वटा बंगुर पालन गरि व्यवसाय सुरु गरेको फार्मलाई मानिने छ।

ख. मझयौला व्यवसायिक सुँगुर/बंगुर फार्मः

पाठापाठी उत्पादनको लागि भए ११-२० वटा माउ बंगुर र मासुका लागि भए कम्तिमा २१-३० वटा बंगुर पालन गरि व्यवसाय सुरु गरेको फार्मलाई मानिने छ।

ग. ठुला व्यवसायिक सुँगुर/बंगुर फार्मः

"कृषि, शिक्षा, स्वास्थ्य, उधोग, पर्यटन पूर्वाधार : सुन्दर समृद्ध बर्जुको आधार"

# बर्जु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### अमाहिवेल्हा, सुनसरी

### कोशी प्रदेश, नेपाल

पशु सेवा शाखा

आ.व.०८०/०८१ प्रकाशित मितिः २०८०/०६/१६

---

<u>विषयः कृषक समुह गठन गरी दर्ता गर्ने सम्बन्धि सुचना।</u>

कृषि तथा पशुपन्छी पेशालाई आधुनिक एवं वैज्ञानिक प्रविधिको माध्यमबाट व्यवसायीकरण गरी औधोगीकिकरण तर्फ उत्प्रेरित गर्न र सो को अभ्यास गराउंदै नयाँ प्रविधिलाई सहज, सरल र सुलभ, मितव्ययी एवं ग्रहण योग्य तवरले कृषकहरु माझ पुर्याउन, कृषि उत्पादन प्रणालीमा एउटा सुसंगठित व्यवस्था र पद्दतिको विकास गरी कृषिको समस्टिगत विकासमा सकारात्मक प्रभाव पार्न र कृषकहरुको व्यक्तिगत तथा संस्थागत विकारका लागि कृषक समुह गठन गर्न अति आवश्यक भएकोले बर्जु गा.पा. अन्तर्गतका कृषि तथा पशुपन्छी पेशामा संग्लग्न भई एकै गाउँ, टोलका मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहानाहरु भएका तथा फार्म दर्ता गर्न आधार नपुगेका न्युनतम ११ र अधिकतम २१ जना सम्म ईच्छुक कृषकहरुले बर्जु गा.पा.द्वारा "कृषक समुह गठन तथा व्यवस्थापन कार्यविधि-२०७७" बमोजिम समुह गठन गरीं यों सुचना प्रकाशित भएको मितिले ३०(तीस) दिन (मिति २०८०/०७/१५ गते) भित्र समुह दर्ता समेत गराउन हुन सम्पूर्ण कृषक महानुभावहरुमा सुचित गरिन्छ।

नोटः कृषक समुह गठन गर्न आवश्यक सहजिकरणका लागि गा.पा.को कृषि तथा पशुपन्छी सेवा शाखामा सम्पर्क राख्न सकिनेछ साथै पालिकाको वेबसाईटबाट समेत डाउनलोड गर्न सकिनेछ।

श्याम नारायण मेहता
शाखा प्रमुख
शाखा प्रमुख

मैले तिरेको कर मेरै लागि, समृद्ध गाउँ निर्माणको लागि

Website: www.barjumun.gov.np
Email: barjugaupalika@gmail.com